श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पंचायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ:–

२०२९ सालको ऐन नं. ६

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समर-विजयिनाम् ।

### प्रहरी ऐन, २०१२ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना:– प्रहरी ऐन, २०१२ (यसपछि मूल ऐन भनिएको) लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ:– (१) यस ऐनको नाम "प्रहरी (पहिलो संशोधन) ऐन, २०२९" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. मूल ऐनको दफा १६ मा संशोधन:– मूल ऐनको दफा १६ को सट्टा देहायको दफा १६ राखिएको छ:–

१६ भट्टी, जुवा खेल्ने थलो, आदिमा बिना वारेण्ट पसी कारवाई गर्न सक्ने अधिकार:– कुनै भट्टी, मादक पदार्थको पसल, जुवा खेल्ने थलो वा व्यभिचार-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

को अखडामा दफा १५ को खण्ड (क), (ख), (ग), (घ), (ङ), र (च) अनुसारको कर्तव्य पूरा गर्न प्रहरीले अञ्चलाधीश, सह-अञ्चलाधीश, सहायक अञ्चलाधीश वा प्रमुख जिल्ला अधिकारीको पूर्व स्वीकृति लिई बिना वारेण्ट पस्न, जांचबुझ गर्न र अपराधीलाई पक्राउ गर्न समेतका कानूनी कारवाई गर्न सक्नेछ ।

३. मूल ऐनको दफा १६ मा संशोधनः– मूल ऐनको दफा १६ को उप-दफा (१) को खण्ड (क) र (ख) मा रहेको "बाटो, सडक" भन्ने शब्दहरूको सट्टा "बाटो, स्थान र सडक" भन्ने शब्दहरू राखिएको छ ।

४. रूपान्तरः– मूल ऐनमा प्रयोग भएका देहायका शब्दहरूको सट्टा देहायका शब्दहरू राखिएको छ ।

(क) इन्सपेक्टर जनरलको सट्टा महानिरीक्षक,
(ख) एडिशनलको सट्टा अतिरिक्त,
(ग) डेपुटीको सट्टा नायब,
(घ) असिस्टेण्टको सट्टा सहायक,
(ङ) सुपरिण्टेण्डेण्टको सट्टा उपरीक्षक,
(च) इन्सपेक्टरको सट्टा निरीक्षक,
(छ) सव–इन्सपेक्टरको सट्टा नायब निरीक्षक,
(ज) असिस्टेन्ट सव-इन्सपेक्टरको सट्टा सहायक निरीक्षक, र
(झ) सबोर्डिनेट रैंकको सट्टा मातहत दर्जा ।

लालमोहर सदर मिति– २०२९।६।५।५

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

१६०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।